नयाँ टिभिएस एनटर्क स्कुटर

काठमाडौं । टिभिएस मोटर्सले बुधबार टिभिएस एनटर्क १२५ रेस एडिसन नयाँ मरिन ब्लु रङमा सार्वजनिक गरेको छ। जसलाई युवावर्गले मनपराएको विद्यमान रेस संस्करणको रातो र पहेंलो रङसँगै राखिने कम्पनीले जनाएको छ। नेपालस्थित आधिकारिक बिक्रेता जगदम्बा मोटर्सका प्रबन्ध निर्देशक शाहिल अग्रवालले भन्नुभयो, 'नेपालमा टिभिएस एनटर्क आरटी-

एफआइ १२५ रेस एडिसन मरिन ब्लुमा सार्वजनिक गर्न पाउँदा अत्यन्त खुसी छौं। स्मार्ट स्कुटर आरटी-एफआइको समावेश एक बेस्ट-इन-क्लास अनुभव प्रदान गर्न डिजाइन गरिएको हो।' कम्पनीका कार्यकारी निर्देशक अखिल गुप्ताले भन्नुभयो, 'नेपालमा सबैभन्दा लोकप्रिय स्कुटर ब्राण्ड टिभिएस एनटर्क आरटी-एफआइ-१२५ रेस एडिसनको मरिन ब्लु स्कुटर आरटी-एफआइ प्लेटफर्मले सुसज्जित छ। उत्कृष्ट प्रदर्शन, राम्रो वास्तविक थ्रोटल अनुभवले हाम्रा युवा ग्राहकलाई पक्कै खुसी पार्नेछ।' पास बाई स्वीच, डुअल साइड स्टेयरिङ लक, पार्किङ ब्रेक र इञ्जिनकिल स्वीचजस्ता विशेषताका साथै बाह्य इन्धन भर्ने सुविधा, युएसबी चार्जर, ठूलो २०-लिटर अण्डरसेट स्टोरेजलगायत सुविधा रहेका छन्। जसको मूल्य भने दुई लाख ९९ हजार नौ सय रुपैयाँ रहेको कम्पनीले जनाएको छ।

ओटाकुको अफिसियल पार्टनर रियलमी

काठमाडौं । रियलमीले ओटाकु जात्रामा सहप्रायोजन गरेको छ। ओटाकु जात्रा एनमी, कमिक्स, गेम र पप कल्चरप्रेमीका लागि सबैभन्दा ठूलो फेस्ट हो। यस वर्ष ओटाकु जात्रा नयाँ वर्ष वैशाख १ मा काठमाडौंको दरबारमार्गस्थित अन्नपूर्ण होटलमा हुँदैछ। विगत केही वर्षदेखि हरेक वर्ष आयोजना हुँदै आएको इभेन्टमा कस्प्ले प्रतियोगिता, गेमिङ टुर्नामेन्ट, बर्कसपका साथै लोकप्रिय एनमी र म्याङ्गा आर्टिस्टको कला प्रदर्शन पनि हुने गर्छ। ओटाकु जात्राको सह-प्रायोजकका साथै रियलमी तो इभेन्टको अफिसियल स्मार्टफोन पार्टनर हो। सो अवसरमा रियलमी नेपालका कन्ट्री हेड मुनिश गिरीले भन्नुभयो, 'ओटाकु जात्रासंग सहकार्य गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ। ओटाकु जात्राले जसरी एनमी र म्याङ्गाकल्चर प्रवर्द्धन र सेलिब्रेट गर्दै आएको छ, यो एकदमै प्रशंसनीय छ।

निक्षेपको ब्याजदर एकल अंकमा

हिमालय टाइम्स
काठमाडौं, २९ चैत

वाणिज्य बैंकहरूले वैशाख १ गतेदेखि लागू हुने गरी निक्षेपको ब्याजदर घटाउने भएका छन्। नेपाल बैंकर्स संघको बुधवार बसेको बैठकले निक्षेपको ब्याज १.०१ प्रतिशतले घटाउने निर्णय गरेको हो। ब्याजदर घटाउने निर्णयसँगै वैशाखदेखि मुद्दती निक्षेपको ब्याजदर एकल अंकमा झरेको छ। यसअघि कायम निक्षेपको ब्याज १.०१ प्रतिशतले घटाउने निर्णय भएको हो। ब्याज घटेसँगै व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर ९.९९ प्रतिशत कायम भएको छ।

यसअघि बैंकहरूले व्यक्तिगत मुद्दती निक्षेपमा ११ प्रतिशत ब्याज दिँदै आएका थिए। त्यतै, संस्थागत निक्षेपकर्ताको ब्याजदर ७.९९ प्रतिशत र बचतको ब्याज ५.४ देखि ७.४ प्रतिशत कायम हुनेछ। बैठकले कल डिपोजिटको ब्याजदर २.७ प्रतिशतमा झार्ने निर्णय गरेको छ।

यसअघि निक्षेप साधारण बचतमा न्यूनतम छदेखि अधिकतम आठ प्रतिशतसम्म ब्याज दिइरहेका थिए। निक्षेपको ब्याजदर घटेसँगै पुरानो ऋणको ब्याजदरसमेत घट्दै जाने बताइएको छ। ब्याजदर घटाउने निर्णयको नेपाल उद्योग वाणिज्य महासंघले स्वागत गरेको छ।

निक्षेपको ब्याजदर घटाउने निर्णयको प्रभाव सेयर बजारमा पनि परेको छ। बुधवार नेप्से ९.२.२२ अंकले बढेर १९६३.५५ बिन्दुमा पुगेको छ। यस दिन दुई सय ६७ कम्पनीका एक अर्ब ९.७ करोडभन्दा बढीको सेयर कारोबार भएको छ। नेपाल राष्ट्र बैंकले मुलुकको अर्थतन्त्र सुधारोन्मुख रहेको बताएको भोलिपल्टै बैंकर्स संघले निक्षेपको ब्याजदर घटाउने निर्णय गरेको प्रभाव सेयर बजारमा देखिएको बताइएको छ। नेप्सेका अनुसार बुधवार १७ कम्पनीको सेयरमूल्यमा उच्च वृद्धि भएको छ भने पांच कम्पनीको सेयरमूल्य १० प्रतिशतले बढेको छ। १२ कम्पनीको सेयरमूल्य नौ प्रतिशतभन्दा बढीले बढेर सर्किट लेभलमा पुगेको छ। ड्रिवेन्चर कम्पनीहरूको सेयर भने उच्च अंकले घटेको छ। कारोबारका आधारमा सबैभन्दा बढी शिवम् सिमेन्टको ११ करोड ७१ लाख रुपैयाँभन्दा बढीको कारोबार भएको छ।

> ब्याजदर घटाउने निर्णयसँगै वैशाखदेखि मुद्दती निक्षेपको ब्याजदर एकल अंकमा झरेको छ। बैंकर्स संघले यसअघि कायम निक्षेपको ब्याज १.०१ प्रतिशतले घटाउने निर्णय गरेको हो।

बैंक पहुँचबाहिर एक स्थानीय तहमात्रै अधिकांश स्थानीय तहमा वाणिज्य बैंकका सेवा विस्तार भएका छन्। अब एक स्थानीय तहमा मात्रै बैंक शाखा पुग्न बांकी छ। नेपाल राष्ट्र बैंकका अनुसार कुल सात सय ५३ स्थानीय तहमध्ये २०७९ फागुनसम्म सात सय ५२ तहमा वाणिज्य बैंकका शाखा विस्तार भएका छन्।

२०७८ फागुनसम्म सात सय ५० स्थानीय तहमा वाणिज्य बैंकका शाखा विस्तार भएका थिए। केन्द्रीय बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाको संख्या २०७९ फागुन मसान्तमा एक सय २० रहेको छ। जसमध्ये २१ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६४ लघुवित्त वित्तीय संस्था र एक पूर्वाधार विकास बैंक रहेका छन्। बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या २०७९ असारसम्म ११ हजार पांच सय २८ रहेकोमा २०७९ फागुनसम्म ११ हजार छ सय २९ पुगेको छ।

त्यस्तै, बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी प्रक्रियापछि २०७९ फागुनसम्म कुल दुई सय ५७ बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन्। जसमध्ये एक सय ८४ संस्थाको इजाजत खारेज हुन गई ७३ संस्था कायम भएका छन्।

नबिलको जलवायु परिवर्तनसम्बन्धी क्यालेन्डर

काठमाडौं । जलवायु परिवर्तनसम्बन्धी सचेतना तथा पर्यावरण प्रवर्द्धनप्रति दायित्वबोध भन्ने नाराका साथ नबिल बैंकले नयाँ वर्ष २०८० को क्यालेन्डर सार्वजनिक गरेको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाका साथ वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्य, नायब प्रमुख कार्यकारी अधिकृतद्वय विनयकुमार रेग्मी तथा भुपेन्द्र पाण्डेले मित्ते पात्रो र टेबल क्यालेन्डर सार्वजनिक गरेका हुन्। नबिलको क्यालेन्डरमा नेपाली बाह्रै महिनाको मौसम तथा प्राकृतिक सौन्दर्य दर्शाउने फोटोहरू राखिएको छ भने सबर्द्धनका लागि आह्वान गरिएको छ। ढकमक्क फूलेका लालीगुरांसका मनोरम दृश्य, स्वतन्त्र उड्ने चराचुरुंगीदेखि सुन्दर हिमाल, लोपोन्मुख हिमचितुवाका फोटो प्रयोग गरिएको छ। बैंकले अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) संग तस्विरका लागि सहकार्य गरेको थियो। नबिल बैंकका अध्यक्ष उपेन्द्रप्रसाद पौडयालले भन्नुभयो, 'जलवायु परिवर्तनप्रति बैंकिङलगायत सबै क्षेत्रबाट गम्भीरतापूर्वक ध्यान पुऱ्याउन जरुरी छ। जलवायु क्षेत्रमा उपयुक्त लगानी गरी यस संसारलाई सबैका लागि बाँच्नयोग्य बनाउनु नै अहिलेको प्रमुख आवश्यकता हो।' नबिलले केही साताअघि हरितगृह ग्यास विसर्जनसम्बन्धी रिपोर्ट पनि सार्वजनिक गरेको थियो।

मर्जरपछि हिमालयन एभरेष्टको साधारणसभा

काठमाडौं । मर्जरपछि हिमालयन एभरेष्ट इन्स्योरेन्सले पहिलो २९औं वार्षिक साधारणसभा राजधानीमा सम्पन्न गरेको छ।

मर्जरपछि कम्पनीको चुक्ता पूँजी दुई अर्ब ३० करोड रुपैयाँ पुगेको छ भने अझै २० करोड रुपैयाँ थप गरी पूँजी दुई अर्ब ५० करोड पुऱ्याउनुपर्नेछ। गत साउन १ गतेदेखि एकीकृत कारोबार सुरु गरेको कम्पनीले निर्विरोधरूपमा सञ्चालक समिति चयन गरेको छ भने सर्वसाधारण सेयरधनीतर्फबाट अजयरत्न स्थापित र हेमराज थापालाई सञ्चालकमा चयन गरेको छ।

संस्थापक सेयरधनीमा महेन्द्रकृष्ण श्रेष्ठ, विजितकृष्ण श्रेष्ठ र भारती पाण्डे चयन भएका छन्। साधारणसभाले गत आर्थिक वर्षको मुनाफाबाट सेयर लगानीकर्तालाई चुक्ता पूंजीको २.७५ प्रतिशत बोनस सेयर पनि पारित गरेको छ।

Karnali Province Government
Ministry of Physical Infrastructure, Energy and Water Resource
Water Supply, Irrigation and Energy Developement Directorate
Water Supply, Irrigation and Energy Developement Office
Gamgadhi, Mugu

Notice for the Letter of Intent (LOI)

Date of publication: 30 Chaitra, 2079 (13th April, 2023)

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all the Concerned bidders that, Our Intention is to award following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

S.N.	Contract ID/ IFB No.:	Work Description	Name and Address of the Bidders	Quoted Amount NRs. (Including VAT and Contingency)
1	WIEDO/MUGU/NCB/W/ 03/079/80	Construction of Mahadev Sinchai Project.	Shree B.S. Nirman Sewa, Then Natharpu-03, Mugu	22,07,992.71

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरेवा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र आव्हान e-bidding सम्बन्धी सूचना

सूचना नं.:- ०३/मायादेवी/२०७५-८०
प्रथम पटक प्रकाशित मिति :- २०७५/१२/३०

यस कार्यालयबाट आ.व. २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार निशुल्क औषधि तथा सर्जिकल सामानहरुको खरिद e-bidding को माध्यमबाट गराउनु पर्ने भएको हुँदा इजाजत प्राप्त फर्महरुले e-bidding माध्यमबाट पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरु :-

१. इच्छुक सप्लायर्स वा फर्मबाट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिले ३० औं दिन भित्र उल्लेखित दस्तुरहरु (पछि फिर्ता नहुने गरी) यस कार्यालयको प्राईम बैंक ली., मायादेवी शाखामा रहेको खाता नं. ०६४००१५७CA (आन्तरिक राजश्व खाता) मा जम्मा गरेको भौचर सहित इजाजत पत्र, आयकर प्रमाण पत्र, मूल्य अभिवृद्धिकर प्रमाण पत्र, वाणिज्य विभागको प्राइभेट फर्म दर्ता भएको प्रमाण पत्र, अधिकृत बिक्रेताको प्रमाण पत्रको प्रतिलिपि र स्व घोषणा पत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र संलग्न गरी www.bolpatra.gov.np/egp बाट यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म दाखिला गर्न सकिने छ।

२. उल्लेखित बोलपत्र सम्बन्धी कागजात भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी दर्ता गराउनु पर्नेछ। दर्ता भएको बोलपत्रहरु दर्ता गर्नु पर्ने अन्तिम दिनको १३:०० बजे यस कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहवरमा मायादेवी गाउँपालिकामा खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

३. बोलपत्र बिक्री तथा दर्ता गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोहि बमोजिम क्रमश हुनेछ।

४. बोलपत्र साथ बोलपत्र जमानत मायादेवी गाउँपालिकाको नाममा रहेको Prime Commercial Bank Ltd. मायादेवी शाखाको ०६४००१६५ CA (ग.३ धरोटी खाता) सिलबन्दी मा नगद जम्मा गरेको सक्कल भौचर अथवा क बर्गका वाणिज्य बैंक वा वित्तिय संस्थाबाट कम्तिमा (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट) १२० दिन म्याद भएको जमानत पेश गर्नु पर्नेछ।

५. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क गर्न सकिने छ।

६. गलत लिखित पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्येस्ता बोलपत्र दाताको बोलपत्र रद्ध गरी कालो सुचिमा समावेश गर्न सम्बन्धीत निकायमा सिफारिस गर्नेछ।

७. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृति गर्ने वा नगर्ने त्येस्ता सम्पूर्ण अधिकार मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहने छ।

८. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

९. हरेक औषधि WHO-GMP सर्टिफाइड कम्पनीबाट उत्पादित हुनु पर्ने छ।

१०. स्वीकृत बोलपत्रदाताले मूल्य अंकित औषधिमा बढी दररेट राखी दिन पाइने छैन। स्वीकृत बोलपत्र अनुसारको सामान एकमुष्ट वा आवश्यकता अनुसार फरक फरक अडर दिई खरिद गरिने छ। साथै सप्लाई गरिने औषधिको म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तिमा १८ महिनाको बाँकी भएको हुनु पर्नेछ उत्पादन मितिबाट १८ महिनाको एक्सपायर अवधि नभएका औषधिहरुको हकमा ७५% समय बाँकी रहेको हुनु पर्नेछ।

११. सप्लाई हुने प्रत्येक औषधिको प्याकिंगको बाहिर उत्पादन मिति, एक्सपायरी मिति, ब्याच नं. तथा "Supply for Ministry of Health Nepal" वा नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि स्पष्ट र अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ।

१२. यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साइटः www.bolpatra.gov.np/egp र मायादेवी गाउँपालिको वेब साइटः https://mayadevimunrupandehi.gov.np मा समेत उपलब्ध हुनेछ।

सि. नं	ठेक्का नं.	कार्यको विवरण र स्थान	ल.ई. रकम (मु.अ. कर बाहेक) रु.	बोलपत्र जमानत रु.	बोलपत्र दस्तुर रु.	कैफियत
1	07/MRMUN/ Medicine/ 2079-80	Supply and Delivery of Free Essential Medicine and Surgical Goods for Mayadevi rural Municipality	3339386.31	84,000.00	3000.00	

प्रमुख प्रशासकीय अधिकृत

Invitation for Bids

Eco-Children Park at Meghwari-05
Khadak Municipality, Saptari

Invitation for Bids No.: KHDK/W/NCB/05/079/080

Date of publication: 13-04-2023 00:00

1. Khadak Municipality, Saptari invites electronic bids from Nepalese eligible bidders for the construction of Construction of Eco-Children Park under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) **8656344.51** (Exclusive of VAT and Contingencies).
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office **of Khadak Municipality**, Saptari, Kalyanpur, Saptari, Madhesh Province, Nepal or may visit **PPMO** website **www.bolpatra.gov.np/egp**
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : **Agricultural Development Bank Ltd.**
   Name of Office : **Khadak Municipality, Saptari**
   Office Code no : **801021502**
   Office Account no : **1103701508004101**
   Rajaswa (revenue) Shirshak no.:
4. Pre-bid meeting shall be held at **Khadak Municipality.Kalyanpur, Saptari Madhesh Province Nepal** at **02-05-2023 14:00 hours.**
5. Sealed or electronic bids must be submitted to the office Khadak Municipality, Saptari, Kalyanpur, Saptari, Madhesh Province, Nepal by hand/courier or through **PPMO** website www.bolpatra.gov.np/egn on or before **14-5-2023 12:00**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14-05-2023 14:00** at the office of **Khadak Municipality**, Kalyanpur, Saptari Madhesh Province, Nepal. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. **220000.0**, which shall be valid for **30 days** beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : मेछिनी प्रिन्टिङ एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि., दुबाकोट, भक्तपुर, **कार्यालय** : मछपवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५४४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल